(आ.व. २०७९/०८०) बैठक नं.

आज मिति २०७९ साल पुस २९ गते शुक्रवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको सत्रौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क्र स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमिन्त्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. विनय पौडेल (प्रशासन अधिकृत)

२. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

३. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

मिति २०७९।०९।२९

## मिति २०७९/०९/२९ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।

२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धमा ।

३. साक्षर नगरपालिका घोषणाको लागि साक्षरता अभियान सञ्चालन सम्बन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा स्वीकृत गरी नगरपालिकाको वेभसाइट, फेसवुक पेज, टवीटर लगायत सूचना पाटी मार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस चालु आ.व. ०७९/०८० मा विद्यालय क्षेत्र विकास कार्यक्रम जिल्ला स्तर ब.उ.शी.नं. ३५०००८०१ बाट वित्तिय हस्तान्तरण भई आएका सर्शत अनुदानका शैक्षिक कार्यक्रमहरु मध्ये क्रियाकलाप नं. २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत) शीर्षकमा साक्षेदारीमा आधारित साक्षर नेपाल अभियान कार्यक्रम सञ्चालन गर्न स्वीकृत रकम रु. ७,००,०००।०० रहेकोमा साक्षर सर्लाही जिल्ला घोषणा हुन बाँकी रहेको र अवधारणा पत्रमा "घ" बर्गमा समेत परेकोले साझेदारीमा आधारित साक्षर नेपाल अभियान कार्यक्रम सञ्चालन गर्न अनिवार्य भएकोले साक्षर नेपाल अभियानका लागि यस नगरपालिकाको तथ्याङ्क अनुसार १५ देखि ६० बर्ष उमेर समूहका १२८९९ जना निरक्षरहरुलाई यस कार्यक्रम मार्फत साक्षर बनाउन संघीय सरकारबाट प्राप्त अनुदान रु. ७,००,०००।०० बाट नपुग्ने भएको हुँदा लागत साझेदारीबाट यस नगरपालिका क्षेत्र भित्रका माध्यमिक तहका विद्यार्थीहरु परिचालन गरी सम्पूर्ण निरक्षरहरुलाई साक्षर बनाई यसै चालु आ.व. २०७९/०८० मा साक्षर नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।